# इस्मा गाउँपालिका

मिति २०७९/०३/१० गतेको गाउँसभाको १२औँ अधिवेशनमा

उपाध्यक्ष श्री पार्वती कुँवरद्वारा प्रस्तुत

# बजेट वक्तव्य

आ.व. २०७९/०८०

गाउँ कार्यपालिकाको कार्यालय

इस्मा रजस्थल, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

**आदरणीय गाउँसभा अध्यक्ष तथा सदस्य ज्यूहरु,**

गुल्मी जिल्लाको सदरमुकाम तम्घासबाट ९ कि.मी. पश्चिमतर्फ अवस्थित पूर्वमा निस्ती फाँट, पश्चिममा विशाल राङ्दल चौर र चौरासी फाँट, उत्तरमा कोटकोटेरी एवम् उच्च इस्माकोट तथा दक्षिणतर्फ समथर छल्दी जलाधार क्षेत्रले सुसज्जित इस्मा गाउँपालिका भूगोलमा सानो भएता पनि धार्मिक, साँस्कृतिक र ऐतिहासिक दृष्टिकोणले विशाल विरासत बोकेको स्थानीय तह हो।

न्यून आन्तरिक आय, उच्च बसाइसराई दर, भौगोलिक विकटता, विपद्को अत्याधिक विपदा, पूर्वाधारको आवश्यक विकास नहुनु जस्ता प्रमुख चुनौती हुँदाहुँदै पनि उपलब्ध स्थानीय श्रोतको अधिकतम सदुपयोग सँगै कृषिको आधुनिकीकरण र पर्यटन प्रबर्द्धन **खुसी इस्माली: समृद्ध इस्मा**का आधार स्तम्भ हुन।

सम्पूर्ण वर्ग, क्षेत्र, धर्म, लिङ्ग, जाति, समुदाय लगायत सबै इस्माबासी नागरिकलाई शीरमा राखेर उहाँहरुको विकास र समृद्धिको आकांक्षा पुरा गर्न बजेट केन्द्रित गरेको छु।

राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता, लोकतन्त्र तथा सामाजिक न्याय र परीवर्तनका लागि बलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति सम्मान प्रकट गर्दै,

इस्मामा विकास, सदाचार, सुशासन र गुणस्तरीय सेवा प्रवाहको प्रत्याभूति आम नागरिकमा दिलाउने मुख्य ध्येयले निर्माण गरिएको आर्थिक वर्ष २०७९/ ०८० को बजेट निम्न आधारहरुमा तयार पारेको छु।

क. नेपालको संविधान, २०७२
ख. राज्यका निर्देशक, सिद्धान्त, नीति, तथा दायित्व
ग. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
घ. दिगो विकासका लक्ष्यहरु
ङ. आवधिक गाउँ विकास योजना (०७५/०७६-०७९/०८०)
च. बजेट तथा योजना तर्जुमा सम्बन्धी (संशोधित) दिग्दर्शन, २०७४
छ. संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ,
ज. राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट तर्जुमा समिति लगायत विभिन्न विषयगत समितिको सुझाव एवम् सिफारिस

झ. गाउँपालिका क्षेत्र भित्रका विषय विज्ञको राय सल्लाह एवम् सुझाव
ञ. गाउँपालिकामा हालसम्म तर्जुमा भएका/ कार्यविधि/ नियमावली/ निर्देशिका/ मापदण्ड/ रणनीति/ ऐन
ट. गाउँसभाबाट पारित नीति तथा कार्यक्रम, २०७९/०८०

**अध्यक्ष महोदय,**

अब म बजेटका **उद्देश्य** बारेमा जानकारी गराउँदछु।

क. कृषि तथा पशुपालनका माध्यमबाट रोजगारीका थप अवसरहरू सिर्जना गर्ने ।

ख. पूर्वाधारहरू को विकासद्वारा इस्माली नागरिकको जन जीवन सहज बनाउने ।

ग. इस्माबासीका घर घरमा शुद्ध खानेपानीको व्यवस्था पुर्याउने ।

घ. खेलकूदका माध्यमबाट युवाहरू मा अनुशासन र देशभक्तिको भावना अभिप्रेरित गराई राष्ट्रहित र राष्ट्र निर्माणमा समर्पित गराउने ।

ङ. नागरिकलाई सुसुचित गराउँदै सेवा प्रवाह र सुशासनमा स्थानीय सरकारलाई जवाफदेही र उत्तरदायी बनाउने ।

**प्राथमिकताहरु**

क. शिक्षा र स्वास्थ्यको क्षेत्रमा गुणस्तर अभिवृद्धि हुने कार्यक्रमहरु,
ख. कृषि क्षेत्रमा आधुनिकीकरण,
ग. पशुपालन तथा पर्यटन प्रबर्द्धन,
घ. स्वच्छ, निष्पक्ष न्याय निरूपण,
ङ. सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक सुनुवाई,

**आदरणीय अध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्षको आर्थिक गतिविधि तथा बजेट कार्यान्वयनको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

| बजेट | | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ३६,३७,३६००० | २६,३०,५९,७५६.५९ | ७२.३२ |
| पुजीगत | १६,८५,६१,९१४.१७ | ७५,५४,०४३१.३० | ४४.८१ |
| जम्मा | ५३,२२,९७,९१४.१७ | ३३,८६,००,१८८ .२९ | ५८.५७ |

**चालु आ.व.२०७८/०७९ को हाल सम्मको आन्तरिक तथा विभिन्न सरकारबाट प्राप्तिको अवस्था:**

| विवरण | ०७८/०७९ को लागि अनुमान | हाल सम्मको प्राप्ति | प्राप्ति प्रतिशत |
|---|---|---|---|
| आन्तरिक आय (बैंक मौज्दात समेत) | १०,४२,४०,३८०.१७ | ९५,९८,६३८०.१७ | ९२.०८ |
| समानीकरण अनुदान संघ | ९,५०,००,००० | ७,१२,५०,००० | ७५ |
| समानीकरण अनुदान प्रदेश | ४४,३३,००० | ३३,२४,७५० | ७५ |
| राजश्व बाँडफाँड संघ | ६,७८,७१,००० | ५,६९,४९,६०४.४२ | ८३.९० |
| राजश्व बाँडफाँड प्रदेश | ६७,९७,५३४ | ० | ० |
| सशर्त अनुदान संघ | २०,६६,१२,००० | १४,६८,४६,०९४ | ६९.९६ |
| विशेष अनुदान संघ | १,००,००,००० | ० | ० |
| समपुरक अनुदान संघ | ४६,००,००० | ० | ० |
| समपुरक अनुदान प्रदेश | १,५०,००,००० | ७५,००,००० | ५० |
| सशर्त अनुदान प्रदेश | ८५,४४,००० | ४२,७२,००० | ५० |
| प्रदेश विशेष अनुदान | ६०,००,००० | ३०,००,००० | ५० |
| राजश्व बाँडफाँड स्थानीय | ३५,००,००० | ० | ० |

म चालु आ.व. २०७८/0७९ को प्रगति समिक्षा र संशोधित अनुमान साथै आगामी आ.व. २०७९/०८० को बजेट तथा कार्यक्रम पेश गर्दछु। चालु आ.व. २०७८/0७९ मा कुल बजेट रु ५३ करोड २२ लाख ९७

हजार ९ सय चौध रुपैया सत्र पैसा विनियोजन गरिएकोमा चालु तर्फको ३६ करोड ३७ लाख ३६ हजार विनियोजन मध्ये ३१ करोड ५० लाख खर्च हुने अनुमान गरेको छु । जुन कुल चालु बजेटको ८६.६० प्रतिशत हो। यसै गरी पुँजीगत तर्फ रु १६ करोड ८५ लाख ६१ हजार ९ सय १४ रुपैया १७ पैसा विनियोजन मध्ये १२ करोड ५० लाख खर्च हुने अनुमान गरेको छु जुन कुल पुँजीगत बजेटको ७४.७७ प्रतिशत हो । समग्रमा आ.व. २०७८/०७९ मा कुल बजेटको ८०.६८ प्रतिशत बजेट खर्च हुने अनुमान गरेको छु। चालु आ.व २०७८/०७९ मा विनियोजित बजेट मध्ये खर्च नभई मौज्दात रहने रकम २ करोड ५० लाख लाई आगामी आ.व. को श्रोत अनुमानमा समावेश गरेको छु । राजश्व परामर्श समितिको सिफारिस, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिस र बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसको आधारमा आगामी आर्थिक वर्ष २०७९/०८० को लागि आय र व्ययको अनुमान प्रस्तुत गरेको छु।

आय तर्फ :

| आय | बजेट | अक्षरुपी |
|---|---|---|
| वित्तीय समानीकरण संघ | १०,१२,००००० | १० करोड १२ लाख |
| वित्तीय समानीकरण प्रदेश | ५३,९०,००० | ५३ लाख ९० हजार |
| राजश्व बाँडफाँड संघ | ८,२२,१८,००० | ८ करोड २२ लाख १८ हजार |
| राजश्व बाँडफाँड प्रदेश | ६९,०३,००० | ६९ लाख ३ हजार |
| सशर्त अनुदान संघ | १९,५१,००,००० | १९ करोड ५१ लाख |
| सशर्त अनुदान प्रदेश | ८०,००,००० | ८० लाख |
| विशेष अनुदान संघ | ७०,००,००० | ७० लाख |
| विशेष अनुदान प्रदेश | ६०,००,००० | ६० लाख |
| समपुरक अनुदान संघ | ७०,००,००० | ७० लाख |
| समपुरक अनुदान प्रदेश | १,५०,००,००० | १ करोड ५० लाख |
| आन्तरिक राजश्व | ६८,१५,००० | ६८ लाख १५ हजार |
| बैंक मौज्दात | २,५०,००,००० | २ करोड ५० लाख |
| जम्मा | ४६,५६,२६,००० | ४६ करोड ५६ लाख २६ हजार |

**सम्मानित सभाका अध्यक्ष ज्यू , गाउँ सभाका सदस्य ज्यूहरू,**

अब म आर्थिक वर्ष २०७९/८० को कुल बजेटको क्षेत्रगत विनियोजन विवरण प्रस्तुत गर्न चाहन्छु।

व्यय तर्फः

| | | |
|---|---|---|
| कार्यालय संचालन तथा प्रशासनिक | ९,९९,६०,००० | ९ करोड ९९ लाख ६० हजार |
| आर्थिक विकास | १,६७,१४,००० | १ करोड ६७ लाख १४ हजार |
| सामाजिक विकास | ५,५१,२६,००० | ५ करोड ५१ लाख २६ हजार |
| पूर्वाधार विकास | ९,२२,७६,००० | ९ करोड २२ लाख ७६ हजार |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६४,५०,००० | ६४ लाख ५० हजार |
| संघीय सशर्त अनुदान तर्फ | १९,५१,००००० | १९ करोड ५१ लाख |
| जम्मा | | ४६ करोड ५६ लाख २६ हजार |

यसपछि म आगामी वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेश गर्दछु।

**आर्थिक विकास**

१. आलु पकेट कार्यक्रमलाई निरन्तरता दिएको छु । कृषि उत्पादनको भण्डारण गर्न **शितभण्डार गृह** निर्माण कार्य प्रारम्भका निम्ति आवश्यक बजेट प्रबन्ध गरेको छु ।

२. इस्मा मैदानमा कृषि तथा पशु सेवा इकाई संचालन गर्नको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

३. कृषि उत्पादनलाई वृद्धि गर्नका लागि माटो परीक्षण ल्याब ( Soil Test Lab ) स्थापना तथा संचालन गरिनेछ। कृषि विषय अध्ययन गर्ने विद्यार्थीको शिक्षा तथा सीप परिस्कृत गराई कृषि पर्यटन विकासको लागि **एकिकृत कृषि बंगैचा** स्थापना गर्न, पलाष्टिक माला र फूलमाला आयात प्रतिस्थापन गर्नको लागि **पुष्प खेती (Floriculture)** गर्ने कृषकलाई प्रोत्साहन गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

४. इस्मा गाउँपालिका वडा नं. ५ मा स्थापित जडिबुटी सूचना केन्द्र र आरोग्य केन्द्र सँगको समन्वयद्वारा आयुर्वेदिक तथा वैकल्पिक चिकित्सा प्रणालीलाई प्रोत्साहित गर्न जडीबुटी उत्पादन लाई आकर्षित गरी जनताको स्वास्थ्य तथा आय आर्जन सुधारका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५. स्थानीय उत्पादनलाई ब्राण्ड बनाउने कार्यका लागि साग, सिस्नो, डौडे, निउरो, बेलाउती जस्ता स्थानीय उत्पादनलाई प्रोत्साहन गरी बेमौसमी समयमा तिनको उपभोग एवम् बजारीकरणका लागि **Solar drier** उपलब्ध गराउन, कृषि पेशालाई प्रोत्साहित गर्नका लागि कृषि उपज अनुदान उपलब्ध गराउन आवश्यक बजेट व्यवस्था गरेको छु ।

६. इस्मा गाउँपालिकाका किसानहरुले गरेको मिहिनेत तथा उनीहरुलाई आवश्यक पर्ने स्रोत र साधनको विषयमा जानकारी लिन;कृषिलाई आधुनिकीकरण गर्नका लागि सफ्टवेयर माध्यमबाट कृषकहरू को नाम सूचीकरण कार्य प्रारम्भका निम्ति आवश्यक बजेट व्यवस्था गरेको छु ।

७. इस्मा गाउँपालिका भित्र स्थानीय कच्चा पदार्थको उपयोगद्वारा सस्तो, सर्वसुलभ र गुणस्तरीय **गाईवस्तु दाना उत्पादन** गरी खपत तथा निर्यात गरेर आर्थिकोपार्जन गर्न इस्मा-१ मा दाना उत्पादन केन्द्र स्थापना तथा संचालनको लागि आवश्यक बजेट प्रबन्ध गरेको छु ।

८. पशु स्वास्थ्यको लागि खोप तथा औषधि उपलब्ध गराउन, खोर एवम् गोठ सुधार गर्न, नश्ल सुधारको माध्यमबाट दूध र मासुको उत्पादन बढाउनको लागि **कृत्रिम गर्भाधान** कार्यक्रम सञ्चालन तथा गाउँपालिकालाई दूधमा आत्मनिर्भर बनाउन व्यवसायिक गाई तथा भैंसीपालन गर्ने व्यक्ति/फर्म/समूहलाई **हेरालु व्यवस्था**का लागि संख्याको **अनुपातमा अनुदान** उपलब्ध गराउन, वन्यजन्तुबाट कृषि उपजको क्षति हुन गएमा सोको मूल्याङ्कन गरी कृषकलाई न्युनतम लागत राहत उपलब्ध गराउनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

९. साना किसानहरुलाई मागका आधारमा प्राविधिक अनुगमन पछि कृषिजन्य सामग्री (टनेल, स्प्रेयर, प्लास्टिक पोखरी आदि) **अनुदान**मा उपलब्ध गराउन आवश्यक बजेट प्रबन्ध गरेको छु ।

१०. **इस्माका महिला, उद्यममा पहिला** भन्ने अभियान अन्तर्गत **टपरी उद्योग** स्थापना र सञ्चालन गर्न आवश्यक प्रबन्ध गरेको छु ।

११. **सीप सिकौं, उद्यमी बनौं** अभियान अन्तर्गत हरेक वडामा एकल र विपन्न महिलालाई सीप प्रदान गरी उद्यमसँग जोड्नको लागि आवश्यक बजेट प्रबन्ध गरेको छु ।

१२. गाउँपालिका भित्र **आरन सुधार, सेरामिक्स उद्योग व्यवस्थापन ,** घरेलु उद्योग, जुत्ता उद्योग, ब्याग उद्योग लगायतका उद्योगधन्दा स्थापना र सञ्चालन गर्नको लागि व्यवसायीहरु लाई

आवश्यक सहयोग गर्न तथा नयाँ उद्योग सञ्चालन गर्दा दर्ता शुल्क छुट गरिनुका साथै उत्पादित वस्तुको बजारीकरणका लागि सहयोगका निम्ति आवश्यक बजेट प्रबन्ध गरेको छु ।

१३. इस्माली जनताको आर्थिक समृद्धि र पर्यटन विकासका लागि छल्दीखोलामा **बहुउद्देश्यीय जलाशय** निर्माणको सम्भाव्यता अध्ययन गर्ने कार्य प्रारम्भ गर्नका लागि आवश्यक बजेट प्रबन्ध गरेको छु ।

१४. **"समृद्ध इस्मा निर्माण कोष** अन्तर्गत बेरोजगार युवा तथा नागरिकहरुको लगत तयार गरी इस्मा भित्र विकासका पूर्वाधार निर्माणमा उनीहरुलाई चक्रीय नीति (Rotational Policy) का आधारमा सहभागी बनाएर पूर्वाधार निर्माण र रोजगारी सृजना गर्नको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

१५. आर्थिक विकास तर्फ कार्यक्रम कार्यान्वयन गर्नको लागि १ करोड ६७ लाख १४ हजार बजेट व्यवस्था गरेको छु ।

### सामाजिक विकास

**१६.** गाउँपालिका भित्रका आधारभूत विद्यालयलाई **प्रविधिमैत्री** बनाउने उद्देश्यले ल्यापटप, प्रिन्टर र इन्टरनेट जडान गर्ने, विषयगत रोष्टरहरुको व्यवस्था गरी सिकाई सुधारका लागि शिक्षक, कर्मचारीहरुलाई तालिम प्रदान गरी प्राविधिक सहयोग कक्षाकोठामा पुर्याइनेछ। जनप्रतिनिधि, शिक्षक, कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नको लागि बहुपयोगी कम्प्युटर ल्याब स्थापना गरी सञ्चालनमा ल्याइनेछ। सामुदायिक विद्यालयहरुमा इन्टरनेट सेवा पुर्याउने, विद्यालय व्यवस्थापन सूचना प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र **विद्युतीय हाजिरी** व्यवस्थापन प्रणालीलाई पूर्ण रुपमा लागु गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

१७. आर्थिक, सामाजिक र अन्य कारणबाट पछाडी परेका **विपन्न, जेहेन्दार र कुमाल** जातिका विद्यार्थीका लागि जिल्ला भित्र उच्च शिक्षा (स्नातक,स्नातकोत्तर) अध्ययन गर्ने विद्यार्थीलाई **अध्यक्ष छात्रवृत्ति कार्यक्रम** मार्फत आवश्यक बजेट व्यवस्था गरेको छु ।

१८. अभिभावकविहिन तथा सिकाई अवसरबाट वञ्चित बालबालिकाहरु का लागि आवासको व्यवस्था गरी कक्षा १ देखि ३ सम्म तोकिएको पाठ्यक्रममा **नैतिक संस्कार सहितको शिक्षा** उपलब्ध गराउने गरी **गायत्री शक्तिपिठ** इस्मा-१, हस्तिचौरमा सिकाई कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

१९. विविध कारणले विद्यालयमा शिक्षकको अनुपस्थिति हुने अवस्थामा विद्यार्थीको सिकाई क्रियाकलाप निरन्तरताका लागि **स्वयंसेवक शिक्षकको बैंक** स्थापनाको लागि आवश्यक बजेट प्रबन्ध गरेको छु।

२०. स्थानीय आवश्यकता र महत्वलाई विद्यार्थी माझ पुर्याउन शिक्षा ऐन र नियमावलीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै **स्थानीय पाठ्यक्रम** निर्माण गरी लागु गर्न आवश्यक प्रबन्ध गरेको छु ।

२१. सिकाई सुधारको लागि विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा उत्कृष्ट कार्य गर्ने विद्यालय व्यवस्थापन समिति, पेशा प्रति निष्ठावान भई पदीय दायित्व निर्वाह गर्ने शिक्षकहरु लाई **उत्कृष्ट शिक्षक र उत्कृष्ट विद्यालय व्यवस्थापन समिति**लाई पुरस्कृत गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

२२. प्राविधिक तथा व्यवसायिक शिक्षालाई (कृषि, पशु, ओभरसियर, ल्याब, अमिन) प्राथमिकता दिदै आ.व. २०७९/०८० देखि इस्मा गाउँपालिकामा **एक/एक** जनाको दरले **विपन्न** तथा **जेहेन्दार** विद्यार्थीलाई **प्राविधिक** विद्यालयमा अध्ययन गरे बापत **उपाध्यक्ष छात्रवृत्ति कार्यक्रम** सञ्चालन गर्नका लागि आवश्यक बजेट प्रबन्ध गरेको छु ।

२३. माध्यामिक तहसम्म निःशुल्क शिक्षा उपलब्ध गराउने नीति अनुरुप गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरु को मासिक शिक्षण शुल्क मिनाहा गरिएको र निशुल्क परीक्षा सञ्चालन गर्नको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

२४. विद्यार्थीहरू का समस्या/गुनासा सुन्दै शैक्षिक सुधार सम्बन्धी असल अभ्यासहरू आदान प्रदान गर्न, स्थानीय सरकार र विद्यार्थीबीच सकारात्मक भावना विकास गर्न **विद्यार्थीसँग अध्यक्ष** कार्यक्रम सञ्चालन गर्नका निम्ति आवश्यक बजेट प्रबन्ध गरेको छु।

२५. गाउँपालिका भित्र रहेका माध्यमिक विद्यालयमा कार्यरत विद्यालय सहायक कर्मचारी, बालविकास सहजकर्ता , विद्यालय सहयोगी कर्मचारी र विद्यालयको आन्तरिक स्रोतमा कार्यरत शिक्षकहरूको मनोबल वृद्धि गर्न आवश्यक बजेट प्रबन्ध गरेको छु।

२६. इस्माबासीको स्वास्थ्यमा सुधार गरी **"स्वास्थ्य जीवनको पूर्वाधार; खुशी इस्मालीको मूल आधार"** लाई प्राथमिकतामा राखी उनीहरुको स्वास्थ्य अवस्थामा सुधार ल्याउने कार्यक्रम अघि बढाइनेछ। स्वास्थ्य संस्थामा आवश्यक स्वास्थ्य सामाग्री, **बिरामीहरुको डिजिटल अभिलेखीकरण**का लागि सफ्टवेयर (Software) व्यवस्था गर्दै मुटु, आँखा, महिला रोग जस्ता दीर्घ रोगीहरुको अवस्था सुधार तथा उपचारका लागि **निःशुल्क स्वास्थ्य शिविर** , निःशुल्क

औषधि तथा तोकिएको उमेर समुहका बालबालिका, गर्भवती महिला र जेष्ठ नागरिकलाई निःशुल्क प्रयोगशाला परीक्षणका लागि आवश्यक बजेट प्रबन्ध गरेको छु।

२७. गर्भवती महिलाहरुको स्वास्थ्य र पोषणमा सुधारको लागि गर्भवती पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ। बर्थिङ्ग सेन्टरहरु लाई थप व्यवस्थित गरी सुत्केरी हुनको लागि नजिकको बर्थिङ्ग सेन्टरसम्म आउने जाने महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता संगै गर्भवती र सुत्केरी महिलाहरुलाई निःशुल्क रुपमा क्याल्यिसम उपलब्ध गराउन आवश्यक बजेट व्यवस्था गरेको छु।

२८. इस्माली नागरिकहरू को सुलभ स्वास्थ्य उपचारका निम्ति स्वास्थ्य बिमाको क्षेत्र फराकिलो गर्दै लैजाने साथै विपदमा परेका तथा जटिल रोगीहरुको उपचारका लागि आवश्यक मापदण्डका आधारमा आर्थिक सहयोग उपलब्ध गराउन आवश्यक बजेट प्रबन्ध गरेको छु।

२९. तोकिएका आधारहरु पूरा गरी आ.व. २०७९/०८० मा आमा र शिशुको स्वास्थ्य सुरक्षाको लागि इस्मा गाउँपालिकालाई **जिरो होम डेलिभरी (Zero Home Delivery)** गाउँपालिका घोषणा गर्न, महिला स्वास्थ्य स्वयं सेविकाहरु लाई प्रोत्साहन, इस्माबासी नागरिकलाई पूर्ण कोभिड खोप लगाई घोषणा गर्नको लागि आवश्यक बजेट प्रबन्ध गरेको छु।

३०. जनताको स्वास्थ्य सेवामा पहुँच स्थापित गर्नको लागि स्वास्थ्य चौकीबाट टाढा रहेका इस्मा गाउँपालिका वडा नं. ६ बुल्म, वडा नं ४ लुङ्कोटा देउराली र घर्तीफाँट देखि आम्बोट भित्रको ३ वडा स्थलमा **सामुदायिक स्वास्थ्य क्लिनिक** स्थापना गर्न आवश्यक बजेट प्रबन्ध गरेको छु।

३१. इस्माबासीलाई स्वच्छ पिउने पानी सहज रुपमा घरघरमा पुर्याउनको लागि गाउँपलिकामा सञ्चालित एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिन तथा खानेपानी आपूर्ती तथा सहजताको लागि **एक वडा एक Plumber** कार्यक्रम कार्यान्वयन गर्न आवश्यक बजेट प्रबन्ध गरेको छु।

३२. परम्परागत नाच, भैलो , देउसी, तीज गीत, सराय नाच, घाटु नाच, माघी पर्व, पञ्चेबाजा, सोरठी, भजन किर्तन र लोक संस्कृतिको सम्बर्द्धन र प्रबर्द्धन गर्नको लागि आवश्यक बजेट प्रबन्ध गरेको छु ।

३३. लैङ्गिक हिंसा, सामाजिक विभेद, द्वन्द्व पीडित, बोक्सी, छुवाछुत, दाइजो प्रथा तथा बालविवाह, दुर्व्यवहारमा परेका महिलाहरुलाई तत्काल उद्दार गरी राहत, आर्थिक सहयोग, उपचार, पुनर्स्थापना, कानुनी सहायता, मनोविमर्श तथा मनोवैज्ञानिक उपचार जस्ता कार्यका लागि आ.व. २०७९/०८० देखि **लैङ्गिक हिंसा निवारण कोष** सञ्चालनमा ल्याउन आवश्यक बजेट व्यवस्था गरेको छु।

३४. बालबालिका संरक्षण कोष, युवा सांसद कोष, किशोरीहरुको क्षमता अभिवृद्धि गर्न तथा **किशोरी आत्मरक्षा** कार्यक्रम संचालन गर्न आवश्यक बजेटको प्रबन्ध गरेको छु ।

३५. मानव बेचबिखन विरुद्धको दिवस, राष्ट्रिय बाल दिवस, महिला दिवस, किशोरी दिवस, अन्तरराष्ट्रिय सामाजिक लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस, अन्तरराष्ट्रिय महिला दिवस लगायतका महत्वपूर्ण दिवसहरु प्रभावकारी रुपमा संचालन गरिनेछ । सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको दिन **उत्कृष्ट सामुदायिक स्वास्थ्य स्वयंसेविका**लाई सम्मान गर्नका लागि आवश्यक बजेट प्रबन्ध गरेको छु ।

३६. **दलित तथा कुमाल परिवारका बुहारीलाई** उच्च शिक्षा (स्नातक) पढाउने परिवारका घरमूलीलाई राष्ट्रिय दिवसको अवसर पारेर सम्मान गर्नका लागि आवश्यक बजेट प्रबन्ध गरेको छु ।

३७. **५५ वर्ष माथिका एकल पुरुषलाई सामाजिक सुरक्षा भत्ता** उपलब्ध गराउन आवश्यक बजेट प्रबन्ध गरेको छु ।

३८. जाँड र रक्सीको कारण समाजमा घट्ने गलत एवम् अपराधिक घटनालाई निरुत्साहित गरी असल समाज निर्माण गर्नका लागि **मादक पदार्थ सेवन नगर्ने** दलित र जनजाति समुदायका परिवारहरू सामाजिक सर्भेद्वारा पहिचान गरी त्यस्ता परिवारका बालबालिकालाई शैक्षिक साम्रगी नि:शुल्क प्रदानका निम्ति आवश्यक बजेट प्रबन्ध गरेको छु ।

३९. **राष्ट्रका लागि युवा, युवाका लागि खेलकुद** भन्ने अभियान अन्तर्गत हरेक वडामा युवा, बालबालिकाको स्वास्थ्य एवम् बहुआयमिक विकासका निम्ति जिल्ला, प्रदेश र राष्ट्रिय स्तरका खेलकुदमा संलग्न स्थानीय खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ । प्रतिस्पर्धाको माध्यमबाट उनीहरूमा खेलको सीप निखार्न **अध्यक्ष कप** खेलकुद कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट प्रबन्ध गरेको छ ।

४०. सामाजिक विकास तर्फ समग्र कार्यक्रम कार्यान्वयन गर्नका लागि ५ करोड ५१ लाख २६ हजार बजेट प्रबन्ध गरेको छु ।

**पूर्वाधार विकास**

४१. इस्मा गाउँपालिका वडा नं. २ को कार्यालय भवन निर्माण कार्य अघि बढाउन स्थानीय तह र संघीय समपुरक कोष मार्फत यसै वर्ष बाट प्रारम्भ गरिनेछ भने अन्य बाँकी वडा कार्यालयको आधुनिक भवन निर्माण गर्नका लागि डि.पि.आर. कार्यको लागि आवश्यक बजेट प्रबन्ध गरेको छु।

४२. जिवराज आश्रित बहुप्राविधिक शिक्षालय, इस्मा प्रहरी चौकी, हस्तिचौर प्रहरी चौकीको जग्गा प्राप्तिको कार्य चालु आ.व.मै सम्पन्न गरी आगामी आ.व.मा भवन निर्माण कार्यको लागि आवश्यक पहल गरिनेछ।

४३. विद्युत आपूर्ति प्रणालीलाई नियमित, भरपर्दो र सुरक्षित बनाउन सामुदायिक विद्युतीकरणमा प्रयोग भएका काठका पोलहरु विस्थापनका साथै विद्युत सुविधा विस्तार र व्यवस्थित गर्न **इस्मा विद्युत बोर्ड** गठन गरी विद्युत सेवा नियमित गर्न हरेक वडामा एक जना विद्युत कर्मचारीको प्रबन्ध गर्नका निम्ति आवश्यक बजेट व्यवस्था गरेको छु।

४४. आगलागी, चट्याङ र मनसुनजन्य विपद्को कारण क्षति भएका घरहरु लाई संघीय र प्रादेशिक सरकारको समन्वयमा मर्मत तथा निर्माण कार्य गर्नको लागि आवश्यक बजेट प्रबन्ध गरेको छु।

४५. विपदमा परेकालाई तत्काल राहत र उद्धार गर्न आवश्यक संयन्त्र निर्माण गरी परिचालन गर्ने र **विपद व्यवस्थापन कोषको रकम वृद्धि** गरेको छु।

४६. पूर्वाधार विकास गरी समृद्ध इस्मा निर्माणका लागि पूर्वाधार तर्फ ९ करोड २२ लाख ७६ हजार बजेट प्रबन्ध गरेको छु।

## संस्थागत विकास, सेवा प्रवाह, सुशासन र विविध

४७. इस्मा गाउँपालिकाको शान्ति सुरक्षा, अपराधिक गतिविधिको निगरानी गरी सभ्य इस्मा बनाउनको लागि मुख्य नाका छल्दीपनाहामा सि.सि.टि.भि. क्यामराको व्यवस्था सहित नगर प्रहरी बिट निर्माण गर्नको लागि आवश्यक बजेट प्रबन्ध गरेको छु।

४८. व्यक्तिगत घटना दर्तामा **अनलाइन प्रणाली**, राजस्व संकलनमा **सफ्टवेयर** र सामाजिक सुरक्षा भत्तामा वितरणमा **बैंकिंग प्रणाली**लाई निरन्तरता दिइनेछ। **टोल-टोलमा सामाजिक सुरक्षा भत्ता**को सेवा सुविधा उपलब्ध गराउनको लागि आवश्यक बजेट प्रबन्ध गरेको छु।

४९. **शिघ्र सेवा, तिव्र विकास**को अवधारणा अनुरुप गाउँपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवा नागरिक्‌ले छिटो, छरितो, प्रभावकारी र गुणस्तरीय सेवा महशुस गर्न सक्ने गरी प्रदान गर्न **नागरिक सहायता कक्ष (Help Desk)** स्थापना गर्न आवश्यक प्रबन्ध गरिनेछ ।

५०. गाउँपालिकालाई प्रविधिमैत्री र डिजिटल बनाउनको लागि गाउँपालिकाको **आई.एल.जी.** प्रोफाइल, सुरक्षित डाटा भण्डारणको लागि डाटा ब्याकप सर्भर, मुख्य प्रवेशद्वार तथा स्थानमा सि.सि.टि.भि. क्यामरा, **डिजिटल घरधुरी नम्बर, सूचना प्रविधि ज्ञान पार्क**हरुको स्थापना, **डिजिटल सूचना पाटी**को माध्यमद्वारा समय, मौसम, महत्वपूर्ण सुचना तथा जानकारी, विपद् सम्बन्धी पूर्व जानकारी सूचना प्रणाली, सेनिटरी प्याड ATM र वाटर ATM, आर्टिफिसियल इन्टेलिजेन्स सहितको सूचना सम्प्रेषण प्रणाली, **ई-पेमेन्ट, अनलाईन हाटबजार**, अनलाइन शिक्षा, **टेलिमेडिसिन ई-टुरिजम, ई-ट्राभल** सहितको एकिकृत **डिजिटल इस्मा**को परिकल्पनालाई गाउँपालिकाको गौरवको योजनाको रुपमा अगाडी बढाउन संघीय र प्रदेश सरकारसँग आवश्यक पहल गर्नका लागि बजेट विनियोजन गरेको छु।

५१. गाउँपालिकाबाट सम्पादन हुने न्याय प्रणालीलाई सरल, सहज र सबैको पहुँचमा पुर्याइने छ। प्रत्येक वडामा **मध्यस्थता र सामुदायिक मेलमिलाप केन्द्र**को गठन/पुर्नगठन गरी न्याय सम्पादनमा सहजीकरणका लागि मेलमिलाप केन्द्रका पदाधिकारीको पुर्नताजगी तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक बजेट प्रबन्ध गरेको छु।

५२. नागरिकहरुलाई निष्पक्ष न्याय प्रदान गर्न **छलफल कक्ष(न्यायिक इजलास)** गठन गरिनेछ। न्याय प्रणालीमा हुने ढिला सुस्तीलाई निरुत्साहित गर्नको लागि आवश्यक व्यवस्था मिलाएको छु।

५३. जनताका समस्या सहजै जनप्रतिनिधि सम्म पुग्ने गरी निजको समस्या समाधान र गुनासो सुनुवाई गर्नको लागि **जनतासँग जनप्रतिनिधि** कार्यक्रम सञ्चालन गरी जनप्रतिनिधिलाई जनताप्रति उत्तरदायी बनाउन आवश्यक बजेट प्रबन्ध गरेको छु ।

५४. सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन **सार्वजनिक सुनुवाई** कार्यक्रम संचालन गर्नका लागि आवश्यक बजेट प्रबन्ध गरेको छु ।

५५. पत्रकारिता प्रोत्साहनका लागि **पत्रकार सम्मान** कार्यक्रम संचालन गर्न आवश्यक बजेट प्रबन्ध गरेको छु ।

५६. गाउँपालिकाको वास्तविक अवस्था बुझ्नको लागि समग्र वस्तुस्थिति समेटेर **वृत्तचित्र** निर्माण गर्नका लागि आवश्यक बजेट प्रबन्ध गरेको छु।

५७. सुशासन कायम गर्दै प्रविधिमैत्री इस्मा गाउँपालिका बनाउनको लागि संस्थागत तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ ६४ लाख ५० हजार बजेट प्रबन्ध गरेको छु।

**आदरणीय अध्यक्ष एवम् सदस्यज्यू हरू,**

बजेट तर्जुमा गर्दा मैले संघ र प्रदेश सरकारसँग समन्वय र साझेदारी गर्दै उपलब्ध श्रोत र साधनको महत्त्वम उपभोग गर्नु पर्ने मान्यतालाई जोड दिएको छु। नेपालको संविधानमा उल्लेखित स्थानीय तहको अधिकार सूचि, सार्वजनिक सेवा प्रवाहमा गाउँपालिका सरकारको भूमिका र सञ्चालित विकास आयोजनाहरु को कार्यान्वयनको अवस्थालाई ध्यानमा राख्दै चालु आ.व. को कार्यक्रमलाई आवश्यकता अनुरुप परिमार्जन, संशोधन र निरन्तरता दिदै अब्बल, गतिशील र लगानीमैत्री गाउँपालिकाको पहिचान स्थापित हुने गरी बजेट विनियोजन गरेको छु।

कुनै पनि योजनाको सफलता सोको सफल कार्यान्वयनमा भर पर्ने भएकोले यो बजेट निर्माणमा जस्तै कार्यान्वयनमा समेत सबै पक्षको सहयोग रहनेछ भन्ने आशा एवम् विश्वास लिएको छु। प्रस्तुत विकास योजना निर्माण गर्न महत्त्वपूर्ण सहयोग गर्ने गाउँपालिकाका श्रद्धेय अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँसभा सदस्य ज्यूहरु, राजनैतिक दल, देश तथा विदेशमा रहनु भएका महानुभावहरु, इस्माबासी नागरिकहरु, बुद्धिजीवि, व्यापारी, पत्रकार, कार्यालयका समस्त कर्मचारी मित्रहरु, कार्यालय सहयोगी तथा नगरप्रहरी सबैलाई धन्यवाद दिन चाहन्छु।

**१० असार, २०७९**

**पार्वती कुँवर**
**उपाध्यक्ष**